**गोरखा नगरपालिका, शिक्षक छनौट समिति**
**गोरखा नगरपालिका- ८, डुम्रीडाँडा गोरखा**
**शिक्षक करारमा पदपूर्तिको लागि पून: दरखास्त आह्वान सम्बन्धी सूचना**

गोरखा नगरपालिकाको शिक्षा ऐन २०७४ को दफा ३४ को उपदफा ८ मा भएको व्यवस्था अनुसार सामुदायिक विद्यालयमा रहेको रिक्त शिक्षक पद करारका माध्यमबाट अस्थायी पद पूर्ति गर्नुपर्ने भएकोले देहायको शर्त र परिधिको अधीनमा रही रितपूर्वक दरखास्त पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**१. रिक्त शिक्षक पदको किसिम, तह श्रेणी र विषयः**

**क. माध्यमिक तहः**

| **सि नं** | **रिक्त पदको किसिम** | **विषय** | **विज्ञापन नं** | **आवश्यक पद संख्या** | **विज्ञापनको किसिम** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १ | साविक उमावि | लेखाशास्त्र | ३०७/२०७६/०७७ | १ | खुला | अनुदान कोटा |

**२. उम्मेदवारको योग्यता**: सम्बन्धित विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी साविक उमावि अस्थायी वा मावि तहको स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनुपर्नेछ।

**३. परीक्षाको किसिमः** लिखित र मौखिक

**४. परीक्षा केन्द्रः** गोरखा नगर कार्यपालिकाको कार्यालय, गोरखा।

**५. परीक्षा दस्तुरः** रु. १०००।–

**६. दरखास्त दिने स्थानः** शिक्षा, युवा तथा खेलकुद शाखा, गोरखा नगरपालिका।

७. **प्रथम पटक विज्ञापन भएको मितिः** २०७६/०७/१५

**८. दरखास्त दिने अन्तिम मितिः** २०७६/०७ /२१

**९. लिखित परीक्षा सञ्चालन हुने मिति , समय र स्थान :** २०७६।०७।२२ गते विहान ११.०० बजे गोरखा नगरपालिका, गोरखा।

**१०. अन्तरवार्ताः** लिखित परीक्षाको नतिजा प्रकाशनसँगै मिति, समय र स्थान तोकिने छ।

**११. दरखास्त फारामसाथ अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरुः**

- नेपाली नगरिकताको प्रमाणित प्रतिलिपि।
- सम्बन्धित तहको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि।
- सम्बन्धित तहको अध्यापन अनुमति पत्रको प्रतिलिपि।

**१२. विज्ञापन सम्बन्धी थप जानाकारीहरुः**

- शिक्षक सेवा आयोग नियमावली संशोधन सहित, २०५७ को नियम १० बमोजिम उम्मेदवार हुन अयोग्य नभएको हुनु पर्नेछ।
- विदेशी संस्थामा अध्ययन गरेको उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको प्रमाण पत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
- सम्बन्धित तहको पाठ्यक्रम शिक्षक सेवा आयोगको वेवसाइट www. tsc. gov.np बाट डाउनलोड गर्न सकिने छ।
- दरखास्त फारामको अग्र भागमा उम्मेदवारले आफ्नो नाम थर विज्ञापन नं. र आफूले परीक्षा दिने विषय, तह स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ।
- कुनै उम्मेदवारले झुटा विवरण/कागजात पेश गरेको पाइएमा निजको दरखास्त फाराम अस्वीकृत गरिने छ। यदि त्यस्ता उम्मेदवारले नियुक्ति लिई सकेको भए नियुक्ति रद्द गर्ने तर्फ आवश्यक कारवाही गरिने छ।
- रित नपुगेको वा शर्त राखी कुनै पनि दरखास्त स्वीकृत गरिने छैन ।